मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
Member of Global Alliance for Banking on Values
Serial No:
कम्पनी दर्ता नं.: ९५६/०६२/०६३
इजाजत पत्र नं.: ने.रा.बैं./इ.प्रा./'ख'/३६
पान नं.: ३०२३४९२९६

पत्र च.नं.: मु बि बैं/के.का/८५/२०७९/८०

मिति : २०७८/०९/०९

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : सोह्रौं वार्षिक साधारण सभा तथा सेयर दाखिल खारेज बन्द (Book Closed) गर्ने सम्बन्धमा ।**

मुक्तिनाथ विकास बैंक लि.को सञ्चालक समितिको मिति २०७९ पौष ८ गते बसेको २८६ औं बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित प्रस्तावहरु सहित यस विकास बैंकको सोह्रौं वार्षिक साधारण सभा मिति २०७९ पौष ३० गते शनिबारका दिन बिहान १०:०० बजे होटल पोखरा ग्राण्ड, पार्दी विरौटा, पोखरा, कास्कीमा गर्ने निर्णय गरेको ब्यहोरा जानकारिका लागि अनुरोध छ ।

**छलफलका विषयहरु :**

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।
५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) को ०.७१०५ प्रतिशतले हुने रकम रु.४,०१,९५,७५८.७२ (अक्षरेपी चार करोड एक लाख पन्चानब्बे हजार सात सय अन्ठाउन्न रुपैयाँ बहत्तर पैसा मात्र) नगद लाभांश (बोनस सेयरको कर प्रयोजनार्थ ) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) को १३.५ प्रतिशतका दरले हुन आउने रकम रु. ७६,३७,१९,४१५.६७ (अक्षरेपी छयहत्तर करोड सैंतीस लाख उन्नाइस हजार चार सय पन्ध्र रुपैयाँ सतसठ्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
२. विकास बैंकको चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) बाट १३.५ प्रतिशतले हुन आउने रकम ७६,३७,१९,४१५.६७ (अक्षरेपी छयहत्तर करोड सैंतीस लाख उन्नाइस हजार चार सय पन्ध्र रुपैयाँ सतसठ्ठी पैसा बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।
३. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।
४. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।
५. काठमाण्डौको लाजिम्पाटमा निर्माणाधीन केन्द्रीय कार्यालय भवन सम्बन्धमा ।
६. विविध :

द्रष्टव्यः सोह्रौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०७९ पौष २० गतेका दिन यस विकास बैंकको सेयर दाखिल खारेज बन्द (Book Closed) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।

...............
डण्डपानी ढकाल
(कम्पनी सचिव)